# नेपाल नागरिक उड्डयन प्राधिकरण
## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना
(प्रकाशित मितिः २०८०/०१/२९)

यस प्राधिकरणमा आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म रिक्त हुन आउने देहायका सेवा/समूह/उपसमूह तथा तहका पदहरु आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्न श्री लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार ने.ना.उ.प्रा., कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ६.३ बमोजिम बढुवा हुने पदको सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा सहायक स्तरबाट अधिकृत स्तरमा र अधिकृत स्तरबाट अधिकृत स्तरमा चार वर्ष र सहायक स्तरबाट सहायक स्तरमा तीन वर्ष स्थायी सेवा अवधि पूरा भएका उम्मेदवारहरुबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्राधिकरणको Website: www.caanepal.gov.np मा रहेको Online Application Form मार्फत दरखास्त फाराम भर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | वि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदपूर्ति गर्नुपर्ने संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५१/०७९/८० | निर्देशक | ११ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालिम प्राप्त गरेको । |
| २ | ५२/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स वा ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तह उत्तिर्ण गरी प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तीमा १ वर्षको एरोनटिकल रेडियो मेन्टिनेन्स तालिम प्राप्त । |
| ३ | ५३/०७९/८० | प्रबन्धक | ९ | प्रशासन | प्रशासन | प्रशासन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | ५४/०७९/८० | प्रबन्धक | ९ | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ५ | ५५/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त गरेको । |
| ६ | ५६/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | ई. एण्ड टे. कम. | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स वा ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तीमा १ वर्षको एरोनटिकल रेडियो मेन्टिनेन्स तालिम प्राप्त । |
| ७ | ५७/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | प्रशासन | प्रशासन | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ८ | ५८/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ९ | ५९/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १० | ६०/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त गरेको । |
| ११ | ६१/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र नागरिक उडड्यनसँग सम्वन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धि तालिम प्राप्त गरेको । |
| १२ | ६२/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स वा ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तीमा १ वर्षको एरोनटिकल रेडियो मेन्टिनेन्स तालिम प्राप्त । |
| १३ | ६३/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १४ | ६४/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १५ | ६५/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | आर्थिक प्रशासन | राजश्व | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १६ | ६६/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १७ | ६७/०७९/८० | अधिकृत | ६ | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १८ | ६८/०७९/८० | अधिकृत | ६ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र नागरिक उडड्यनसँग सम्वन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धि आधारभूत र एक महिनाको तालिम प्राप्त गरेको । |
| १९ | ६९/०७९/८० | अधिकृत | ६ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | x | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा सीपको तह तीनको प्रमाणपत्र प्राप्त गरेको । |
| २० | ७०/०७९/८० | अधिकृत | ६ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स/इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा सीपको तह तीनको प्रमाणपत्र प्राप्त गरेको । |

**द्रष्टव्य**

१. दरखास्त दिने स्थानः नेपाल नागरिक उड्डयन प्राधिकरणको वेवसाइट www.caanepal.gov.np मा गई Online Application Form भर्नुपर्नेछ ।

२. दरखास्त दस्तुर सम्वन्धी विवरणः: दरखास्त दस्तुर वापत तह ११ र १० को लागि रू.२०००।-, तह ९ र ८ को लागि रू.१६००।-, तह ७ र ६ को लागि रू.१२००।- र तह ५ र ४ को लागि रू.६००।- लाग्नेछ ।

३. अनलाईन मार्फत दरखास्त दिने र दस्तुर बुझाउने विधिः प्राधिकरणको वेभसाइटमा रहेको Online Application प्रणालिमा आफूले चाहेको विज्ञापन छनोट गरी Apply Now Click गर्ने र सो पश्चात् User Registration गरी विज्ञापनसँग सम्बन्धित सम्पूर्ण विवरण भरी तोकिएको दरखास्त दस्तुर Online Recruitment System को कुनै एक Payment Gateway मार्फत भुक्तानी गरी दरखास्त दिन सकिनेछ।

४. दरखास्त दिने अन्तिम मितिः २०८०/०२/१८ गते । दरखास्तको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत सिंगल दस्तूरमा दरखास्त दिन सकिनेछ ।

५. लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । लिखित परीक्षाको कार्यक्रम पछि प्रकाशन गरिनेछ।

६. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागमा बुझ्न सकिनेछ।

# नेपाल नागरिक उड्डयन प्राधिकरण

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८०/०१/२९)**

यस प्राधिकरणमा आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म रिक्त हुन आउने देहायका सेवा/समूह/उपसमूह तथा तहका पदहरु कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरी पदपूर्ति गर्न श्री लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार ने.ना.उ.प्रा., कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम ६.३ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनलाई चाहिने न्यूनतम सेवा अवधि पूरा भएका तथा अनुसूची-६ मा उल्लेखित न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका र सोही नियमावलीको नियम ६.४ बमोजिमको कारवाहीमा नपरेका वा कारवाहीमा परेको भए उक्त अवधि भुक्तान भएका सम्भाव्य कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र दरखास्त फाराम भरी प्रशासन विभागमा दर्ता गराउनुहुन सम्बन्धित सबै कर्मचारीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सो म्याद भित्र रीतपूर्वकको फाराम भरी दर्ता नगराएमा त्यस्ता कर्मचारीहरुको बढुवा सम्बन्धी कारवाही नहुने र पछि कुनै किसिमको उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना प्राधिकरणको Website: www.caanepal.gov.np मा समेत हेर्न सकिने छ ।

| सि.नं | वि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदपूर्ति गर्नुपर्ने संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७९/८० | निर्देशक | ११ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ |
| २ | २/०७९/८० | निर्देशक | ११ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | १ |
| ३ | ३/०७९/८० | निर्देशक | ११ | प्राविधिक | सिभिल इन्जिनियरिङ | x | १ |
| ४ | ४/०७९/८० | निर्देशक | ११ | प्राविधिक | एयरवर्दिनेश/फ्ला.अ.स. | x | १ |
| ५ | ५/०७९/८० | निर्देशक | ११ | प्राविधिक | ई.एण्ड टे.कम. इन्जिनियरिङ्ग | x | १ |
| ६ | ६/०७९/८० | निर्देशक | ११ | प्राविधिक | ई.टे./ई.ई./एम.ई | x | १ |
| ७ | ७/०७९/८० | निर्देशक | ११ | प्राविधिक | ई.ई./एम.ई./सि.ई./ए.फा.स. | x | १ |
| ८ | ८/०७९/८० | उपनिर्देशक | १० | प्रशासन | समूहीकृत नहुने | x | १ |
| ९ | ९/०७९/८० | उपनिर्देशक | १० | प्रशासन | आर्थिक प्रशासन | उपसमूहीकृत नहुने | १ |
| १० | १०/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | ३ |
| ११ | ११/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | १ |
| १२ | १२/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | सिभिल इन्जिनियरिङ | x | १ |
| १३ | १३/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | x | १ |
| १४ | १४/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | फ्ला.अ.स. | x | १ |
| १५ | १५/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | समूहीकृत नहुने | x | ३ |
| १६ | १६/०७९/८० | उपनिर्देशक | १० | प्राविधिक | सि.ई./ई.ई./मे.ई./ए.फा.स. | x | १ |
| १७ | १७/०७९/८० | प्रबन्धक | ९ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| १८ | १८/०७९/८० | प्रबन्धक | ९ | प्रशासन | आर्थिक प्रशासन | राजश्व | १ |
| १९ | १९/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | १ |
| २० | २०/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | ५ |
| २१ | २१/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | सिभिल इन्जिनियरिङ | x | २ |
| २२ | २२/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | x | १ |
| २३ | २३/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | ई. एण्ड टे. कम. | x | ४ |
| २४ | २४/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | x | २ |
| २५ | २५/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | एयरवर्दिनेश | x | १ |
| २६ | २६/०७९/८० | प्रबन्धक | ९ | विविध | x | x | १ |
| २७ | २७/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | प्रशासन | प्रशासन | ४ |
| २८ | २८/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | आर्थिक प्रशासन | लेखा | २ |
| २९ | २९/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | आर्थिक प्रशासन | राजश्व | १ |
| ३० | ३०/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | x | ८ |
| ३१ | ३१/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | २ |
| ३२ | ३२/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | २ |
| ३३ | ३३/०७९/८० | उपप्रबन्धक | ८ | विविध | x | x | १ |
| ३४ | ३४/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | एयरवर्दिनेश | x | १ |
| ३५ | ३५/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | सिभिल इन्जिनियरिङ | x | १ |
| ३६ | ३६/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | ३ |
| ३७ | ३७/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ |
| ३८ | ३८/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | पुस्तकालय | १ |
| ३९ | ३९/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ |
| ४० | ४०/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | x | १ |
| ४१ | ४१/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | २ |
| ४२ | ४२/०७९/८० | अधिकृत | ६ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| ४३ | ४३/०७९/८० | अधिकृत | ६ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | ४ |
| ४४ | ४४/०७९/८० | अधिकृत | ६ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | x | २ |
| ४५ | ४५/०७९/८० | अधिकृत | ६ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | ४ |
| ४६ | ४६/०७९/८० | अधिकृत | ६ | प्राविधिक | सिभिल इन्जिनियरिङ | x | १ |
| ४७ | ४७/०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| ४८ | ४८/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | २ |
| ४९ | ४९/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | x | २ |
| ५० | ५०/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | x | २ |

**द्रष्टव्य**

१. दरखास्त दिने स्थानः नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, प्रशासन विभाग ।

२. दरखास्त दस्तुरः दरखास्त दस्तुर वापत तह ११ र १० को लागि रू.२०००।-, तह ९ र ८ को लागि रू.१६००।-, तह ७ र ६ को लागि रू.१२००।- र तह ५ को लागि रू.६००।- लाग्नेछ ।

३. दरखास्त दस्तुर बुझाउने तरिकाः एन. एम. बी. बैंकमा रहेको यस प्राधिकरणको खाता नं.००१००१२६११५०००४३ मा आबेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी उल्लेखित शुल्क जम्मा गरेको सक्कल भौचर पेश गरी यस कार्यालयबाट दरखास्त फाराम प्राप्त गर्न सकिनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः २०८०/०२/१८ गते । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत तोकिएको दस्तूर तिरी दरखास्त फाराम भर्न सकिनेछ ।

५. आवश्यक सेवा अवधि र शैक्षिक योग्यताः सेवाको पदमा हुने बढुवामा सम्भाव्य उम्मेदवार हुनको लागि बढुवा हुने पदको सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा सहायक स्तरबाट अधिकृत स्तरमा र अधिकृत स्तरबाट अधिकृत स्तरमा बढुवाको लागि चार बर्ष तथा सहायक स्तरबाट सहायक स्तरमा बढुवाको लागि तीन वर्ष स्थायी सेवा अवधि पूरा भएको र नियमावलीको अनुसूची-६ बमोजिमको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।

६. दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरुः हालको पदको नियुक्ति पत्र, नागरिकताको प्रमाणपत्र, आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र तालिमका प्रमाणित प्रतिलिपिहरु तथा विज्ञापनसँग सम्बन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत पेश गर्नुपर्नेछ । साथै समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द गरिनेछ। यसरी रद्द हुन गएका दरखास्तहरुको दस्तुर फिर्ता गर्न प्राधिकरण बाध्य हुनेछैन।

# नेपाल नागरिक उड्डयन प्राधिकरण

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८०/०१/२९)**

यस प्राधिकरणमा आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म रिक्त हुन आउने निम्न पदहरुमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्न लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार देहायको योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना जारी भएको मिति देखि २१ (एक्काइस) दिन भित्र प्राधिकरणको Website: www.caanepal.gov.np मा रहेको Online Application Form मार्फत दरखास्त फाराम भर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | वि.नं | पद | तह | सेवा | समूह | उपसमूह | पदपूर्ति गर्नुपर्ने संख्या | खुला तथा समावेशी | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७१/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | १ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्वन्धी आधारभूत र कम्तिमा १ महिनाको एड्भान्स तालिम प्राप्त |
| २ | ७२/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |
| ३ | ७३/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | X | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |
| ४ | ७४/०७९/८० | प्रबन्धक | ९ | प्राविधिक | एयरवर्दिनेश | X | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित स्नातकोत्तर तह उत्तीर्ण गरी एयरक्राफ्ट मेन्टिनेन्स लाइसेन्स प्राप्त गरेको। वा मेकानिकल/ इलेक्ट्रिकल/ ईलेक्ट्रोनिक्स/ एयरवर्दिनेश/ एरोनटिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण गरी वायुयान मर्मत संभार वा कन्टिन्यूइङ्ग एयर वर्दिनेशमा कम्तिमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको वा मेकानिकल/इलेक्ट्रिकल/ ईलेक्ट्रोनिक्स/ एयरवर्दिनेश/ एरोनटिकल इन्जिनियरिङ्गमा स्नातक गरी वायुयान मर्मत संभार वा कन्टिन्यूइङ्ग एयर वर्दिनेशमा कम्तिमा सात वर्षको कार्य अनुभव प्राप्त |
| ५ | ७५/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | प्रशासन | प्रशासन | १ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |
| ६ | ७६/०७९/८० | उपप्रबन्धक | ८ | प्रशासन | आर्थिक प्रशासन | चार्टर्ड एकाउन्टेन्ट | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण र वणिज्य शास्त्र वा अर्थशास्त्र वा लेखा/वित्त/ बजार शास्त्र विषय सहित व्यवस्थापनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |
| ७ | ७७/०७९/८० | उपप्रबन्धक | ८ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्वन्धी आधारभूत र कम्तिमा १ महिनाको एड्भान्स तालिम प्राप्त |
| ८ | ७८/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्वन्धी आधारभूत तालिम प्राप्त र कम्तिमा १ महिनाको सम्बन्धित बिषयको एड्भान्स तालिम प्राप्त |
| ९ | ७९/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | आई.टी. | X | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर ईन्जिनियरिङ्गमा स्नातक तह वा सो सरह उतीर्ण |
| १० | ८०/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | X | ३९ | खुला<br>महिला<br>आ.ज.<br>मधेसी<br>अपाङ्ग<br>पि.क्षे. | ३१<br>२<br>१<br>१<br>३<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा सूचना प्रविधि (आई.टि) वा व्यवस्थापन वा इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालिम प्राप्त |
| ११ | ८१/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| १२ | ८२/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | एयरवर्दिनेश | X | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित स्नातक तह उत्तीर्ण गरी एयरक्राफ्ट मेन्टिनेन्स लाइसेन्स प्राप्त गरेको वा मेकानिकल/इलेक्ट्रिकल/ ईलेक्ट्रोनिक्स/एयरवर्दिनेश/ एरोनटिकल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण गरी वायुयान मर्मत संभार वा कन्टिन्यूइङ्ग एयर वर्दिनेशमा कम्तिमा दुई वर्षको अनुभव प्राप्त |
| १३ | ८३/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | फ्ला.अ.स. | X | ४ | खुला<br>आ.ज.<br>मधेसी | २<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित दश जोड दुई उत्तीर्ण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनका सदस्य राष्ट्रबाट कमर्सियल पाइलट लाइसेन्स (सि.पि.एल) प्राप्त गरेको र कम्तिमा पाँच सय घण्टाको उडान अनुभव हासिल गरेको |
| १४ | ८४/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | X | ४ | खुला<br>आ.ज. | ३<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| १५ | ८५/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | X | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| १६ | ८६/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | X | ५ | खुला<br>आ.ज.<br>मधेसी<br>दलित | २<br>१<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/ ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| १७ | ८७/०७९/८० | अधिकृत | ६ | प्रशासन | प्रशासन | प्रशासन | ५ | खुला<br>आ.ज.<br>मधेसी | ३<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण |
| १८ | ८८/०७९/८० | अधिकृत | ६ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ | मधेसी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्यशास्त्र वा अर्थशास्त्र मूल विषय लिई स्नातक तह उत्तीर्ण |
| १९ | ८९/०७९/८० | अधिकृत | ६ | प्रशासन | आर्थिक प्रशासन | लेखा | २ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| २० | ९०/०७९/८० | अधिकृत | ६ | प्रशासन | आर्थिक प्रशासन | राजश्व | २ | महिला<br>मधेसी | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| २१ | ९१/०७९/८० | अधिकृत | ६ | प्रशासन | प्रशासन | कानून | १ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| २२ | ९२/०७९/८० | अधिकृत | ६ | प्रशासन | आर्थिक प्रशासन | चार्टर्ड एकाउन्टेन्ट | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण |
| २३ | ९३/०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | प्रशासन | २ | खुला<br>आ.ज. | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | ९४/०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | आर्थिक प्रशासन | लेखा | २ | मधेसी<br>दलित | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| २५ | ९५/०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | आर्थिक प्रशासन | राजश्व | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| २६ | ९६/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | ६ | खुला<br>मधेसी | ५<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी आधारभूत तालिम प्राप्त |
| २७ | ९७/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | x | ५ | खुला<br>आ.ज.<br>मधेसी | ३<br>१<br>१ | मान्यता प्राप्त शिक्षण सस्थाबाट इलेक्ट्रिकल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा मान्यता प्राप्त संस्थावाट सम्बन्धित विषयमा सीपको तह तीनको प्रमाणपत्र प्राप्त |
| २८ | ९८/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | x | ५ | खुला<br>आ.ज.<br>अपाङ्ग | ३<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट मेकानिकल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा मान्यता प्राप्त संस्थावाट सम्बन्धित विषयमा सीपको तह तीनको प्रमाणपत्र प्राप्त |
| २९ | ९९/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | सिभिल इन्जिनियरिङ | x | ४ | खुला<br>आ.ज.<br>दलित | २<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा मान्यता प्राप्त संस्थावाट सम्बन्धित विषयमा सीपको तह तीनको प्रमाणपत्र प्राप्त |
| ३० | १००/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | x | २ | खुला<br>अपाङ्ग | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स/ इलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा मान्यता प्राप्त संस्थावाट सम्बन्धित विषयमा सीपको तह तीनको प्रमाणपत्र प्राप्त |
| ३१ | १०१/०७९/८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | आई. टी. | x | २ | खुला<br>मधेसी | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| ३२ | १०२/०७९/८० | सहायक | ४ | प्रशासन | प्रशासन | प्रशासन | ५ | खुला<br>महिला<br>अपाङ्ग | ३<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा एस.ई.ई. मा कम्तीमा दुई जी.पी.ए. प्राप्त वा सो सरह उत्तीर्ण |
| ३३ | १०३/०७९/८० | सहायक | ४ | प्रशासन | आर्थिक प्रशासन | लेखा | २ | खुला<br>मधेसी | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा एस.ई.ई. मा कम्तीमा दुई जी.पी.ए. प्राप्त वा सो सरह उत्तीर्ण |
| ३४ | १०४/०७९/८० | सहायक | ४ | प्रशासन | आर्थिक प्रशासन | राजश्व | १ | मधेसी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा एस.ई.ई. मा कम्तीमा दुई जी.पी.ए. प्राप्त वा सो सरह उत्तीर्ण |
| ३५ | १०५/०७९/८० | सहायक | ४ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | x | २९ | खुला<br>महिला<br>आ.ज.<br>मधेसी<br>अपाङ्ग | १५<br>५<br>३<br>४<br>२ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी आधारभूत तालिम प्राप्त |

**द्रष्टव्य**

१. दरखास्त दिने स्थानः नेपाल नागरिक उड्डयन प्राधिकरणको वेवसाइट www.caanepal.gov.np मा गई Online Application Form भर्नुपर्नेछ ।

२. दरखास्त दस्तुर सम्बन्धी विवरणः परीक्षा दस्तुर वापत तह ९ र ८ को लागि रु.१६००।-, तह ७ र ६ को लागि रु.१२००।- तथा तह ५ र ४ को लागि ६००।- लाग्नेछ । समावेशी समूहमा दरखास्त पेश गर्ने उम्मेदवारले प्रत्येक थप समूहको लागि सम्बन्धित तहको लागि तोकिएको दस्तुरको ५०% थप दस्तुर समेत बुझाउनु पर्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको दस्तुर बुझाउनु पर्नेछ ।

३. अनलाईन मार्फत दरखास्त दिने र दस्तुर बुझाउने विधिः प्राधिकरणको Website मा रहेको Online Application Form प्रणालिमा आफूले चाहेको विज्ञापन छनोट गरी Apply Now Click गर्ने र सो पश्चात् User Registration गरी विज्ञापनसँग सम्बन्धित सम्पूर्ण विवरण भरी तोकिएको दरखास्त दस्तुर Online Recruitment System को कुनै एक Payment Gateway मार्फत भुक्तानी गरी दरखास्त दिन सकिनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः २०८०/०२/१८ गते । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत तोकिएको दस्तुर तिरी दरखास्त फाराम भर्न सकिनेछ । दरखास्त दिने अन्तिम मिति पछि सात दिन सम्म दोब्बर दस्तुर तिरी दरखास्त फाराम भर्न सकिनेछ ।

५. दरखास्त दिने अन्तिम मिति २०८०/०२/१८ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशिताको प्रमाणपत्र, परिषद दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुने छैन ।

६. लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । लिखित परीक्षाको मितिका लागि २०८०/०३/१५ गते कार्यालय समयमा सम्पर्क राख्नुपर्नेछ ।

७. उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको लागि १८ वर्ष र अधिकृत स्तरको लागि २१ वर्ष उमेर पूरा भै पुरुषको हकमा ३५ वर्ष र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । आठौं तह र सो भन्दा माथिको पदको हकमा ४० वर्ष ननाघेको । प्राधिकरणका स्थायी बहालबाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन।

८. भविष्यमा सरकारी वा सरकारको स्वामित्व भएको संस्था वा प्राधिकरणको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ।

९. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसूरदार नठहरिएको ।

१०. अधिकृत आठौं र नवौं तहका पदमा आवेदन गर्ने उम्मेदवारहरुले देहाय बमोजिम अधिकृत स्तरको पदमा कम्तिमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भएपनि उम्मेदवार हुन सक्नेछ ।साथै कार्यअनुभवको सम्बन्धमा देहाय बमोजिम प्रस्टता हुनुपर्नेछ।

(क) निजामति तथा अन्य सरकारी निकाय (ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था (ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति (घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय (ङ) संयुक्त राष्ट्संघ, यसका अंग तथा विशिष्टिकृत निकाय (च) अन्तरसरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु (छ) विश्वविद्यालयका आङ्गिक क्याम्पस (ज) सामुदायिक विद्यालय जस्ता निकायको अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा कार्यानुभवलाई मान्यता दिइनेछ ।

- माथि उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिसमेत पेश गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।
- कुनै एक सरकारी कार्यालय वा सार्वजिनक संस्थामा कार्यरत रहेकै अवधिभित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन ।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।
- प्रति हप्ता ४० घण्टाभन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको) लाई मान्यता दिइनेछैन ।
- एउटै निकायमा कम्तीमा ६ महिना वा सो भन्दा बढी काम गरेको अवधि मात्र कार्यअनुभवमा गणना गरिनेछ ।
- नियुक्ति पत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिने छैन ।

११. काम गर्नु पर्ने स्थानः प्राधिकरण अन्तर्गतका जुनसुकै कार्यालयहरु ।

१२. आबेदन फारामसाथ नेपाली नागरिकताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र, चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), तालिमको प्रमाणपत्र (आवश्यक पर्नेको हकमा) संलग्न गर्नुपर्नेछ । तह ६ वा सो भन्दा माथिका पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि आवेदन गर्दा सम्बन्धित पेशागत परिषद् (Professional Council) मा दर्ता भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१३. समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१४. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द गरिनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न प्राधिकरण बाध्य हुनेछैन ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरुः**

क. आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ख. मधेशीको हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ग. दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।

घ. पिछडिएको क्षेत्रका हकमाः सम्बन्धित जिल्लाबाट प्राप्त नागरिकताको प्रमाणपत्र र स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडिसम्मको सिफारिश ।